Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/21**

**2 0 2 1**

**NEPALI**

**( Modern Indian Language)**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेखः 1×10=10

(क) 'मुकुन्द-इन्दिरा' के हो?

*(i)* कथा हो

*(ii)* निबन्ध हो

*(iii)* गीत हो

*(iv)* नाटक हो

(ख) 'मुना-मदन' खण्डकाव्य कुन छन्दमा रचिएको छ?

*(i)* सवाई

*(ii)* झ्याउरे

*(iii)* मालिनी

*(iv)* अनुष्टुप्

(ग) ''मेरा घरमा एकछिन् नबस् जहाँ जान्छेस् जा।'' यो वाक्य कसले भनेको हो?

*(i)* चतुरेले

*(ii)* कृष्णरायले

*(iii)* जुठेले

*(iv)* चामेले

(घ) 'लोग्ने' कथाकी नायिका साहिंली कति वर्षकी थिई?

*(i)* १७ वर्ष

*(ii)* १८ वर्ष

*(iii)* १९ वर्ष

*(iv)* २० वर्ष

(ङ) सन् १८२८को नेपाल राज्यभित्र कति थरीका बोली बोलिन्थे?

*(i)* १५ थरी

*(ii)* १६ थरी

*(iii)* १३ थरी

*(iv)* १२ थरी

(च) पृथ्वीनारायण शाहले काठमाडौं आदि तीन शहर जित्न आउँदा भादगाउँमा कुन भाषामा राजकाज चल्थ्यो ?

*(i)* खस भाषा

*(ii)* नेवारी भाषा

*(iii)* गोरखाली भाषा

*(iv)* मैथिली भाषा

(छ) कसको ठूलो जहान देखेर आधुनिक शिक्षकले नाक कुच्याउँछ?

*(i)* विद्यार्थीको

*(ii)* छिमेकीको

*(iii)* गुरुको

*(iv)* शिक्षकको

(ज) रूपनारायण श्रेष्ठलाई कुन रोगको डरले मुकुण्डो भिरेको छ?

*(i)* निमोनिया रोगले

*(ii)* ज्वरो रोगले

*(iii)* कोभिड रोगले

*(iv)* क्षयरोगले

(झ) मदन ल्हासा जाने कुरा सुनेर मुनाको कति पटक मुटु धड्कन्छ?

*(i)* पचासबाजि

*(ii)* साठीबाजि

*(iii)* चालीसबाजि

*(iv)* सत्तरीबाजि

(ञ) मदनकी आमाका केके बनाउने इच्छा थिए?

*(i)* गर गहना

*(ii)* पाटी र धारा

*(iii)* बाटो र पाटी

*(iv)* घर र गोठ

**2.** कोष्ठभित्र दिइएका सही शब्द छानेर रित्तो ठाउँ भर : 1×5=5

(क) भोटको बाटो ढुङ्गा र ______, नाङ्गा र उजार। (बाटो/माटो)

(ख) त ______ केही हुँदैन तागत भएसम्म। (मोटाएर/दुब्लाएर)

(ग) उसले त्यही रोजिदिएकीले ______ चुप लाग्यो। (चामे/चतुरे)

(घ) ______ डाँडामा बस्न लागेका थिए। (जून/घाम)

(ङ) तिनताक ______ पनि नेपाल राज्यभित्र थियो। (गढवाल/कुमाउँ)

**3.** तलका वाक्यमा भनिएका कुरा सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख (कुनै **पाँच**) : 1×5=5

(क) मुकुन्द घुमफिर गर्न कलकत्ता जान्छ।

(ख) धन कमाउन मदन भोट जान्छ।

(ग) गौंथली र चामेबीच खूब माया-प्रीति थियो।

(घ) पश्चिम काली नदीदेखि पूर्वमा मेची नदीसम्मका आदिवासीहरू तुरानियन हुन्।

(ङ) आधुनिक शिक्षक जिद्दीवाल र मुश्किलको मान्छे छ।

(च) 'मुकुन्द-इन्दिरा' नाटकमा जम्मा चार अङ्क छन्।

SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूका 5/6 वाक्यमा उत्तर लेख : 3×5=15

(क) खसहरू को थिए? उनीहरूको उल्लेख कहाँ-कहाँ भएको छ?

(ख) आधुनिक शिक्षकलाई केले फुर्सत लिन दिँदैन?

(ग) चामेले जोगी भएर हिंड्ने कुरा किन सोंच्छ?

(घ) चतुरेलाई उसकी आमाले 'अङ्ग्रेजी पढेर बिग्रिस्' भन्दा के भनेर उत्तर दिन्छ?

(ङ) नैनी को हो र उसले गाउँमा के काम गर्छे?

(च) मुना को हुन् र उनी कसरी मर्छिन्?

(छ) भवदेवले रूपनारायणको परिवारलाई कसरी सहयोग गर्छन्?

(ज) मुकुन्द कलकत्ताबाट किन घर फर्कन मान्दैन?

**5.** (क) तलका स्त्रीलिङ्गी शब्दलाई पुलिङ्ग बनाऊ : 3

देवी; स्वास्नी; दिदी; माइजू; सदस्या; भैंसी।

(ख) तलका शब्दबाट धातु र प्रत्यय छुट्टाऊ (कुनै **तीन**) : 3

सुताऊ; पकाउँछन्; लिन्छौं; देख्छन्; पढ्छेस्।

(ग) तलका शब्दबाट उपसर्ग छुट्टाऊ (कुनै **तीन**) : 3

अनुकरण; सुविचार; प्रतिकूल; बेनाम; विराम।

(घ) तलका शब्दका विपरीत शब्द बनाऊ (कुनै **तीन**) : 3

उकालो; बोक्रे; मलिलो; प्राचीन; पाताल।

(ङ) तलका उखानका अर्थ लेख : 3

*(i)* घोडा चढ्ने लड्छ

*(ii)* आफ्नो हात जगन्नाथ

*(iii)* कालो जान्छ, गोरो आउँछ

## ( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर : 5+5=10

(क) तपाईंलाई केही भयो भने यी जहानहरूको के दशा होला—मनले गन्नुहोस्! अर्कालाई बचाउन आफू बाँच्नुपर्छ, तसर्थ उनको दुःखमा मनले भाग लिनुहोस्।

**अथवा**

फुलेको केश, गलेको जीउ, आमाको मायाले,
बाँधेन हरे ! हजुरको पाउ ! मायाको छायाले।

(ख) आफ्नी स्वास्नी कीलामा बाँधेको वस्तुलाई कुट्ने के कुट्ने? साँझ पर्‍यो कि एउटा न एउटा बिठ्याइँ गरेर गाउँमा खल्ल र बल्ल पार्छ।

**अथवा**

गए ती दिन जब मामुली व्याख्याले पनि छात्रहरू सन्तोष मान्थे बडै असन्तोकी छन् आजका तिनीहरू थोरैले चित्त बुझ्दैन।

**7.** साहिंली को हो? साहिंली र चतुरेबीच भएका कुराकानीहरूलाई आफ्नै भाषामा लेख। 5

**अथवा**

चामे को हो? ससुरालीमा चामेले केके सोंच्यो? बुझाएर लेख।

**8.** खस भाषा मातृभाषा हुनसकेको विषयलाई स्पष्ट पार। 5

**अथवा**

आधुनिक शिक्षकमा भएका विशेषताहरू लेख।

**9.** इन्दिराको चरित्र चित्रण गर । 5

**अथवा**

रूपनारायण श्रेष्ठ र भवदेवबीच भएका कुराकानीलाई आफ्नै भाषामा लेख।

**10.** मुनाको चरित्र चित्रण गर। 5

**अथवा**

मदनलाई भोट जान परेको कारण स्पष्ट पार।

**11.** कोरोनाबाट कसरी बच्न सकिन्छ भन्ने विषय खुलाउँदै साथीलाई एउटा पत्र लेख। 5

**12.** तल दिइएको कुनै **एउटा** विषय छानेर निबन्ध लेख : 10

(क) स्वास्थ्य नै धन हो

(ख) मोबाइल फोन

(ग) नमरेसम्म स्वर्ग देखिन्न

(घ) लक्‌डाउन र तिम्रो अनुभव

(ङ) मास्क लगाऊँ रोगबाट बचौं

**13.** तलको अनुच्छेदको शीर्षक दिँदै सारांश लेख ः 5

मानिसलाई पाइने कुराको भन्दा नपाइने कुराको चाह धेरै हुन्छ। काकाकुल जस्तो तिर्खाएर चारैतिर भौंतारिन्छ। अरूलाईभन्दा अन्न नहुने नहुने दरीद्रलाई बढी भोक लाग्छ। त्यसैलाई स्वादे जिब्रो अल्छे तिघ्रो भनिन्छ। त्यस्तै अरूलाईभन्दा गौरीलाई राम्रो लाउँ, मीठो खाउँ भन्ने इच्छा धेरै थियो। राम्रो लोग्नेको कल्पना गरेर झ्यालमा सिंगारिएर बस्थी। अभागिनी ललाटलाई सिंगारेर छोप्ने कोशिश गर्थी। उसको अभागी खप्परमा कुन्नि के लेखिएको थियो। कहिलेकाहीं पक्ष्यौरीले मुख छोपेर रुन्थी। कहिलेकाहीं पगलीजस्तै एक्लै-एक्लै हाँस्थी। टाढा कतै पाकेको सुगन्ध घरको छप्पर हुँदै भित्रपस्दा आनन्दको अनुभव गर्थी।

★★★